# सडक तथा पुल निर्माण सामग्री उत्पादक तथा वितरक कम्पनीहरू सँगको सम्पर्क तथा प्रवर्द्धनात्मक कार्यक्रममा सहभागिता सम्बन्धी आचारसंहिता

## २०८३

नेपाल सरकार

पूर्वाधार विकास मन्त्रालय

**सडक विभाग**

चाकुपाट, ललितपुर

डा. बिजय जैसी

महानिर्देशक

# सडक तथा पुल निर्माण सामग्री उत्पादक तथा वितरक कम्पनीहरू सँगको सम्पर्क तथा प्रवर्द्धनात्मक कार्यक्रममा सहभागिता सम्बन्धी आचारसंहिता, २०८३

**प्रस्तावना:** नेपालमा सडक तथा पुल लगायतका भौतिक पूर्वाधार आयोजनाहरूको सङ्ख्या र लगानीमा भएको वृद्धिसँगै यसमा प्रयोग हुने विशिष्ट प्रविधि र सामग्रीको बजार समेत विस्तार भएको छ। यस्ता सामग्रीको उत्पादन तथा बिक्री-वितरणमा संलग्न स्वदेशी तथा विदेशी कम्पनीहरूले आयोजना गर्ने प्रवर्द्धनात्मक कार्यक्रमहरूबाट प्राविधिक क्षमता अभिवृद्धि, नवीन प्रविधिको जानकारी तथा अन्तर्राष्ट्रिय असल अभ्यासहरूसँग परिचित हुने अवसर प्राप्त भएतापनि यसबाट उत्पन्न हुन सक्ने स्वार्थको द्वन्द्व, अनधिकृत ब्रान्डिङ र विज्ञापन तथा अनुचित आतिथ्य र उपहारका साथै पारदर्शिता एवम् अभिलेखीकरणको व्यवस्थापन गर्ने गरी कर्मचारीको सहभागितालाई प्रचलित कानूनहरू सँग सामञ्जस्य रहने गरी संस्थागत सुशासन, पारदर्शिता र निष्पक्षता सुदृढ गर्न वाञ्छनीय भएकोले,

निजामती सेवाका कर्मचारीको आचरण सम्बन्धी नियमावली, २०६५ को नियम २७ ले दिएको अधिकार प्रयोग गरी सडक विभागले देहायको आचारसंहिता बनाई लागू गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस आचारसंहिताको नाम "सडक तथा पुल निर्माण सामग्री उत्पादक तथा वितरक कम्पनीहरू सँगको सम्पर्क तथा प्रवर्द्धनात्मक कार्यक्रममा सहभागिता सम्बन्धी आचारसंहिता, २०८३" रहेको छ।

(२) यो आचारसंहिता तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आचारसंहितामा,-

(क) "आचरण" भन्नाले कर्मचारीले पालना गर्नुपर्ने व्यवहार, बानी-व्यहोरा, चालचलन वा चरित्र सम्झनु पर्छ।

(ख) "कर्मचारी" भन्नाले सडक विभाग तथा अन्तर्गतका कार्यालयहरूमा कार्यरत सबै कर्मचारीहरूलाई सम्झनुपर्छ साथै सो शब्दले करार वा दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीहरूलाई समेत जनाउँछ।

(ग) "कार्यालय" भन्नाले सडक विभाग र सो अन्तर्गत रहेका सम्पूर्ण कार्यालयहरूलाई सम्झनु पर्छ।

(घ) "महानिर्देशक" भन्नाले सडक विभागको महानिर्देशक सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले पूर्वाधार विकास मन्त्रालय सम्झनु पर्छ।

(च) "विभाग" भन्नाले सडक विभागलाई सम्झनु पर्छ।

(छ) "सङ्गठन" भन्नाले सडक विभाग वा अन्तर्गतका कार्यालयको सङ्गठनलाई सम्झनु पर्छ।

(ज) "कम्पनी" भन्नाले सडक तथा पुल निर्माण सामग्री उत्पादन तथा बिक्री-वितरणमा संलग्न स्वदेशी तथा विदेशी कम्पनीलाई सम्झनु पर्छ।

(झ) "कार्यक्रम" भन्नाले प्रवर्द्धनात्मक कार्यक्रम, गोष्ठी, तालिम, सेमिनार, प्रदर्शन, प्रस्तुति, स्थलगत निरीक्षण र परीक्षण, आदिलाई सम्झनु पर्छ।

(ञ) "स्वार्थको द्वन्द्व" भन्नाले कर्मचारीले पदीय जिम्मेवारी पूरा गर्दा आफ्नो, आफ्नो परिवार वा नजिकका नातेदारको निजी हित वा कुनै कम्पनी सँगको व्यावसायिक सम्बन्धले निर्णय प्रक्रियामा पार्न सक्ने प्रभावलाई सम्झनु पर्छ।

(ट) "अस्वाभाविक आतिथ्य" भन्नाले कार्यक्रमको उद्देश्यभन्दा बाहिरका महँगो होटेल बास, वैदेशिक भ्रमण, मनोरञ्जन वा पारिवारिक सुविधालाई सम्झनु पर्छ।

३. **आचार संहिता पालना गर्नुपर्नेः** (१) यो आचारसंहिता सडक विभाग र अन्तर्गतका कार्यालयहरूमा कार्यरत सम्पूर्ण कर्मचारीहरूमा समान रूपमा लागू हुनेछ।

## परिच्छेद-२
## आचारसंहिता

४. **सहभागिताको आधार र छनौट प्रक्रियाः** (१) कम्पनीले कार्यक्रममा सहभागीको उपस्थितिको फोटो, भिडियो, हस्ताक्षर लगायतका कुनै पनि सामग्री आफ्नो प्रचार-प्रसार एवम् ब्रान्डिङका लागि प्रयोग नगर्ने प्रतिबद्धता जनाएपश्चात् मात्र कार्यालयले कर्मचारी पठाउनु पर्नेछ।

(२) कुनै पनि कार्यक्रममा सहभागी हुनका लागि कार्यालयले आधिकारिक पत्रमार्फत कर्मचारी तोक्नु पर्नेछ।

(३) कर्मचारीले व्यक्तिगत रूपमा आएका निमन्त्रणालाई कार्यालय प्रमुखको पूर्वस्वीकृति बिना स्वीकार गर्नुहुँदैन।

(४) कार्यक्रमको विषयसूची, तालिका, प्रस्तुतिको पूर्ण जानकारी र सान्दर्भिकता पुष्टि बिना सहभागिता जनाउनु हुँदैन।

(५) कार्यक्रममा सहभागिताको मुख्य उद्देश्य नयाँ प्रविधि, सामग्रीको गुणस्तर र बजारमा उपलब्ध विकल्पहरूको बारेमा जानकारी लिने मात्र हुनु पर्नेछ।

(६) कम्पनीको खर्चमा विदेशमा आयोजना हुने कार्यक्रममा कर्मचारीको सहभागितालाई निरुत्साहित गरिनेछ। तर औचित्य पुष्टि हुने हकमा सहभागिताका लागि नेपाल सरकारको वैदेशिक भ्रमण सम्बन्धी निर्देशिका बमोजिम मन्त्रालय वा विभागको स्वीकृति अनिवार्य रूपमा लिनु पर्नेछ।

डा. बिजय जैसी

(७) कार्यक्रममा पठाइने कर्मचारीमा सम्बन्धित विषयको न्यूनतम प्राविधिक ज्ञान भएको हुनु पर्नेछ।

(८) आयोजक संस्था वा कम्पनी कालो सूचीमा परे/नपरेको वा कुनै विवादमा संलग्न रहे/नरहेको यकिन गरेर मात्र सहभागिताको निर्णय लिनु पर्नेछ।

५. **उपहार तथा अस्वाभाविक आतिथ्य ग्रहण गर्न नहुने:** (१) कम्पनीले उपलब्ध गराउने कुनै पनि गहँगो उपहार, मनोरञ्जनात्मक कार्यक्रम वा पारिवारिक भ्रमणका प्रस्तावहरू स्वीकार गर्नु हुँदैन।

(२) कार्यक्रममा सहभागी हुने कर्मचारीले अस्वाभाविक आतिथ्य सत्कार स्वीकार गर्नु हुँदैन।

(३) कार्यक्रममा सहभागी हुँदा प्राप्त हुने सामान्य सत्कार, लेखन सामग्री, प्रचार सामग्री, आदि कार्यक्रम प्रयोजनका लागि मात्र ग्रहण गर्न सकिनेछ।

(४) कर्मचारीले कम्पनीले उपलब्ध गराउने भ्रमण भत्ता र यातायात खर्च स्वीकार गर्नु हुँदैन।

(५) कम्पनीबाट प्राप्त हुने प्रचार सामग्रीलाई प्राविधिक ज्ञान लिनका लागि मात्रा प्रयोग गर्न सकिनेछ।

६. **कम्पनीहरूसँग सम्पर्क र संवाद:** (१) कम्पनीहरूसँग सम्पर्क र संवाद गर्दा आधिकारिक पत्राचार मार्फत मात्र गर्न सकिनेछ।

(२) कर्मचारीले कार्यालय प्रमुखको स्वीकृति वा कार्यालयको जानकारी बिना कम्पनीहरूसँग सम्पर्क र संवाद गर्नु हुँदैन।

(३) कम्पनीले विभाग वा कार्यालयमा कार्यक्रम आयोजना गर्न चाहेमा महानिर्देशक वा कार्यालय प्रमुखको स्वीकृतिमा अनुमति दिन सकिनेछ। तर अनुमति दिँदा कम्पनीसँग सहभागीको उपस्थितिको फोटो, भिडियो, हस्ताक्षर लगायतका कुनै पनि सामग्री आफ्नो प्रचार-प्रसार एवम् ब्रान्डिङका लागि प्रयोग नगर्ने प्रतिबद्धता लिनु पर्नेछ।

(४) कम्पनीहरूसँग रहेको निर्माण सामग्री सम्बन्धी जानकारी प्राविधिक ज्ञान वृद्धि तथा बजार मूल्य सर्वेक्षणका लागि मात्र प्राप्त गर्न सकिनेछ।

(५) कम्पनीलाई कुनै पनि सामग्री खरिद गर्ने वा खरिद प्रक्रियामा प्राथमिकता दिने जस्ता कुनै पनि मौखिक वा लिखित आश्वासन दिनु हुँदैन।

७. **अनधिकृत ब्रान्डिङ र विज्ञापन गर्न नहुने:** (१) कर्मचारीले उपस्थिति पुस्तिका बाहेक अन्य कुनै पनि दस्तावेजमा हस्ताक्षर गर्नु हुँदैन।

(२) कम्पनीका ब्रोसर, क्याटलग वा वेबसाइटमा कर्मचारीको फोटो, नाम, पद वा विभागको लोगो प्रयोग गरी सामग्रीको प्रवर्द्धन गर्न मनाही गर्नु पर्नेछ।

(३) कार्यक्रममा सहभागितालाई लिएर कुनै पनि अनधिकृत विज्ञापन नगर्न कम्पनीलाई सचेत गराउनु पर्नेछ। अनधिकृत विज्ञापन भएको पाइएमा तुरुन्त सम्बन्धित

कम्पनीलाई सचेत गराउनु पर्नेछ साथै आवश्यकता अनुसार कानूनी कारबाहीको प्रक्रिया समेत अगाडि बढाउन सकिनेछ।

(४) कर्मचारीले कुनै पनि कम्पनीको व्यावसायिक विज्ञापनमा मोडेल, साक्षी वा समर्थकको रूपमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहभागी हुनु हुँदैन।

(५) कुनै सामग्रीको गुणस्तर वा प्रभावकारिताको विषयमा भ्रामक वा अतिरञ्जित पुस्ट्याइँ गर्नु हुँदैन।

(६) कर्मचारीले आफ्नो व्यक्तिगत सामाजिक सञ्जालबाट कुनै निश्चित कम्पनीको उत्पादनलाई ट्याग गर्ने, सेयर गर्ने वा व्यावसायिक प्रवर्द्धन हुने गरी पोस्ट गर्नु हुँदैन।

(७) सामाजिक सञ्जालमा कुनै पनि ब्रान्डको पक्षमा वकालत गर्ने वा अरू ब्रान्डको आलोचना गरी बजार सन्तुलनमा प्रभाव पार्ने कार्य गर्नु हुँदैन।

(८) कर्मचारीले कुनै पनि प्राविधिक कार्यपत्र प्रस्तुत गर्दा कम्पनीको सामग्री बिक्री गर्ने माध्यम बनाउनु हुँदैन। यस्ता प्रस्तुतिहरूमा कुनै एक ब्रान्डको सट्टा प्राविधिक स्पेसिफिकेसनमा जोड दिनु पर्नेछ।

८. **उत्पादन सिफारिस र अनुदान स्वीकृतिः** (१) खरिद सम्बन्धी कागजात तयार गर्दा कुनै खास ब्रान्ड, ट्रेडमार्क वा उत्पादकको नाम उल्लेख गरी विज्ञापन हुने गरी स्पेसिफिकेसन सिफारिस गर्ने वा बनाउने कार्य गर्नु हुँदैन।

(२) कर्मचारीले कुनै पनि नयाँ सामग्री वा कम्पनीद्वारा पेटेन्ट गरिएको प्रविधि लाई पर्याप्त स्वतन्त्र परीक्षण विना सिफारिस गर्नु हुँदैन। कम्पनीको स्वामित्वको उत्पादनको हकमा स्वतन्त्र प्रयोगशाला परीक्षण र लागत-लाभ विश्लेषण अनिवार्य रूपमा गर्नु पर्नेछ।

(३) कर्मचारीले व्यक्तिगत वा संस्थागत रूपमा कुनै निश्चित कम्पनीको सामग्री प्रयोग गर्न सिफारिस गर्ने वा ग्यारेन्टी दिने कार्य गर्नु हुँदैन।

(४) सामग्रीको स्वीकृति केवल स्वीकृत स्पेसिफिकेसन र प्रयोगशालाको परीक्षण प्रतिवेदनका आधारमा मात्र दिनु पर्नेछ।

(५) कम्पनीले परीक्षणका लागि कुनै सामग्री प्रदान गरे सो सामग्री सिधै प्रयोगशालामा पठाउनु पर्नेछ र त्यसको अभिलेख कार्यालयको जिन्सी खातामा राख्नु पर्नेछ। कर्मचारीले त्यस्ता नमूना व्यक्तिगत प्रयोजनका लागि प्रयोग गर्न पाउने छैनन्।

(६) कम्पनीले अनुदान स्वरूप प्रदान गर्ने सामग्री विभाग वा कार्यालयले कम्पनीसँग सम्झौता-पत्र मार्फत प्रचलित कानून बमोजिम प्राप्त गर्न सक्नेछ।

९. **पूर्व घोषणा, स्वार्थको द्वन्द्व तथा पारदर्शिताः** (१) कर्मचारीले कार्यक्रम आयोजना गर्ने कम्पनीमा आफ्नो वा परिवारको स्वार्थ (शेयर, नाता, वा पूर्व परामर्श सेवा) नरहेको अवस्थामा मात्र कार्यक्रममा सहभागिता जनाउनु पर्नेछ।

डा. बिजय जैसी

(२) स्वार्थ देखिएमा उक्त कर्मचारीलाई सो कम्पनीसँग सम्बन्धित कुनै पनि निर्णय प्रक्रिया वा गुणस्तर प्रमाणीकरणबाट तुरुन्त अलग गर्नु पर्नेछ।

(३) निर्माण सामग्रीको प्रवर्द्धनात्मक कार्यक्रममा सहभागी हुने कर्मचारीलाई सोही सामग्री खरिदको प्रक्रियामा सहभागी गराउँदा विशेष सावधानी अपनाउनु पर्नेछ वा सम्भव भएसम्म सहभागी गराउनु हुँदैन।

(४) कार्यालयले गर्ने खरिद कार्यमा संलग्न कम्पनीबाट कुनै पनि किसिमको निर्माण सामग्री अनुदान वा सहयोग स्वरूप लिनु हुँदैन।

१०. **<u>खरीद कारबाहीमा संलग्न कर्मचारी सम्बन्धमाः</u>** (१) कर्मचारीले आपूर्तिकर्ता कम्पनीसँग छुट लिई कुनै पनि निजी खरीद गर्नु हुँदैन।

(२) सांस्कृतिक वा धार्मिक, सामाजिक, खेलकुद लगायतका कार्यमा कुनै किसिमको जिन्सी सहयोग, आर्थिक सहयोग, प्रायोजन, दान, इत्यादि लिनु हुँदैन।

(३) आपूर्तिकर्ता कम्पनीसँग कर्मचारीको कुनै किसिमको स्वार्थको द्वन्द्व हुनु हुँदैन।

११. **<u>अभिलेखीकरण गर्नुपर्नेः</u>** (१) कार्यालयले कार्यक्रममा सहभागी हुने आफ्ना कर्मचारीको अभिलेख राख्नु पर्नेछ।

(२) कर्मचारीले कार्यक्रममा छलफल भएका र जानकारीमा आएका विषयवस्तुको बारेमा कार्यालय प्रमुखलाई अनिवार्य रूपमा सूचित गराउनु पर्नेछ।

(३) कार्यालय प्रमुखले आवश्यक ठानेमा सहभागिता सम्बन्धी प्रतिवेदन अनिवार्य रूपमा बुझाउनु पर्नेछ।

(४) प्रतिवेदनमा देहायका विवरणहरू स्पष्ट रूपमा खुलाउनु पर्नेछः

(क) निर्माण सामग्रीको संरचना,

(ख) संक्षिप्त वातावरणीय प्रभाव विश्लेषण,

(ग) नेपालको माटो, जलवायु र भौगर्भिक अवस्थामा टिकाउपन,

(घ) लागत-लाभ विश्लेषण,

(ङ) मर्मत सम्भारको सहजता र पाट-पुर्जाको उपलब्धता।

(५) कार्यक्रममा प्रस्तुत निर्माण सामग्रीलाई मात्र नहेरी बजारमा उपलब्ध अन्य प्रतिस्पर्धी उत्पादनहरू र नेपाल गुणस्तर वा अन्तर्राष्ट्रिय गुणस्तर सँगको तुलनात्मक अध्ययन समेत उल्लेख गर्नु पर्नेछ।

(६) कम्पनीले दाबी गरे बमोजिम सामग्रीको गुणस्तर नदेखिएमा वा सडक विभागको मापदण्ड विपरीत पाइएमा सो कुरा प्रतिवेदनमा स्पष्ट रूपमा उल्लेख गर्नु पर्नेछ।



डा. बिजय जैसी

## परिच्छेद-३

## बिविध

१२. **व्यक्तिगत आचरण र गोपनीयता कायम राख्नु पर्ने:** (१) कार्यक्रममा सहभागी हुने कर्मचारीले आफ्नो सङ्गठनको मर्यादा र गरिमामा आँच पुग्ने गरी कुनै पनि काम गर्नु हुँदैन।

(२) कार्यक्रममा सहभागी हुँदा व्यक्तिगत लाञ्छना लगाउने, गालीगलौज गर्ने र अनौपचारिक भाषा प्रयोग गर्ने कार्य गर्नु हुँदैन।

(३) कर्मचारीले आफ्नो साङ्गठानिक गोपनीयता कायम राख्नु पर्नेछ।

(४) कार्यालयको आगामी खरिद योजना, बोलपत्रको अनुमानित लागत, स्पेसिफिकेसन, गोप्य दरभाउ वा मूल्याङ्कनका आधारहरू सार्वजनिक गर्नु हुँदैन।

(५) एक कम्पनीको गोप्य प्रविधिलाई अर्को प्रतिस्पर्धी कम्पनीको कार्यक्रममा खुलासा गर्नु हुँदैन।

१३. **आचारसंहिताको अनुगमन तथा कारबाही:** (१) आफू मातहतका राजपत्रांकित द्वितीय श्रेणीका कर्मचारी तथा कार्यालय प्रमुखको हकमा विभागका महानिर्देशकले नियमित अनुगमन गर्नु पर्नेछ।

(२) विभाग तथा अन्तर्गतका कार्यालयमा कार्यरत अन्य कर्मचारीहरूको हकमा सम्बन्धित कार्यालय प्रमुखले नियमित अनुगमन गर्नु पर्नेछ।

(३) आचारसंहिताको पालना नगर्ने कर्मचारीलाई दोषको आधारमा अनुगमन गर्ने पदाधिकारीले नियमानुसार विभागीय कारबाही गर्ने वा विभागीय कारबाहीका लागि सम्बन्धित अधिकारी समक्ष सिफारिससाथ पेश गर्नु पर्नेछ।

१४. **प्रचलित कानून बमोजिम हुने:** (१) यस आचारसंहितामा लेखिएका कुनै पनि विषय प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म प्रचलित कानूनमा लेखिए बमोजिम हुनेछ।

डा. बिजय जैसी
महानिर्देशक